संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ३४

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल असार २२ गते बुधबार

आज बिहान ११:०० बजेको लागि निर्धारित प्रतिनिधि सभाको बैठक विशेष कारणवश बस्न नसक्ने भएकोले सूचनापत्र-४ प्रकाशित गरी दिनको २:०० बजेको लागि निर्धारण भएकोमा उक्त बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको ४:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूको नेतृत्वमा मिति २०७८/३/२९ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) तथा धारा ७८ को उपधारा (१) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिशमा देहायअनुसार नियुक्ति, हेरफेर र कार्यविभाजन गर्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | पदनाम | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री शेरबहादुर देउवा | प्रधानमन्त्री | रक्षा |
| २. | श्री बालकृष्ण खाँण | मन्त्री | गृह |
| ३. | श्री ज्ञानेन्द्रबहादुर कार्की | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| ४. | श्री पम्फा भुसाल | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाई |
| ५. | श्री राजेन्द्रप्रसाद श्रेष्ठ | मन्त्री | सङ्घीय मामिला तथा सामान्य प्रशासन |
| ६. | श्री जनार्दन शर्मा | मन्त्री | अर्थ |
| ७. | श्री उमाकान्त चौधरी | मन्त्री | खानेपानी |
| ८. | डा. नारायण खड्का | मन्त्री | परराष्ट्र |
| ९. | श्री मृगेन्द्रकुमार सिंह यादव | मन्त्री | कृषि तथा पशुपंक्षी विकास |
| १०. | श्री मोहम्मद इश्तियाक राई | मन्त्री | भौतिक पूर्वाधार तथा यातायात |
| ११. | श्री दिलेन्द्रप्रसाद बडू | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| १२. | श्री देवेन्द्र पौडेल | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| १३. | श्री उमा रेग्मी | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| १४. | श्री शशी श्रेष्ठ | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| १५. | श्री महेश्वरजंग गहतराज | मन्त्री | युवा तथा खेलकूद |
| १६. | श्री गोविन्द प्रसाद शर्मा (कोइराला) | मन्त्री | कानुन, न्याय तथा संसदीय मामिला |
| १७. | श्री जीवनराम श्रेष्ठ | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १८. | श्री मेटमणि चौधरी | मन्त्री | सहरी विकास |
| १९. | श्री भवानीप्रसाद खापुङ | मन्त्री | स्वास्थ्य तथा जनसंख्या |
| २०. | श्री शेरबहादुर कुँवर | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| २१. | श्री प्रदिप यादव | मन्त्री | वन तथा वातावरण |
| २२. | श्री उमेश श्रेष्ठ | राज्यमन्त्री | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २३. | श्री बोधमायाकुमारी यादव | राज्यमन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| २४. | श्री हिराचन्द्र के.सी. | राज्यमन्त्री | स्वास्थ्य तथा जनसंख्या |

मिति : २०७९/३/२० (डा. तोयनारायण ज्ञवाली)
सचिव

तदुपरान्त सम्माननीय सभामुखले आजको शून्य र विशेष समयको कार्यक्रम नहुने व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७७ बमोजिम निम्नलिखित विशेष समिति गठनको लागि प्रस्ताव प्रस्तुत गर्नुहुँदा सभाले सहमति जनायो ।

"मिति २०७९ जेठ १५ गते मा० अर्थ मन्त्रीद्वारा टेबुल भएको आर्थिक वर्ष २०७९/०८० को आर्थिक विधेयक, २०७९ मा करका दरहरु हेरफेर गर्ने सम्बन्धमा अनधिकृत व्यक्ति प्रवेश गरेको विषय सार्वजनिक सञ्चारका माध्यमहरुमा प्रकाशन भएको र सो विषयलाई लिएर मा० सदस्यहरुबाट समेत सदनमा कुरा उठाइएको सम्बन्धमा सत्य तथ्य छानविन गर्न एक संसदीय विशेष समिति गठन गर्न वाञ्छनीय हुने भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७७ बमोजिम देहायको संसदीय छानविन विशेष समिति गठन गरियोस् भनी समितिमा रहनु हुने माननीय सदस्यहरुको नामावली सहित प्रस्ताव गर्दछु ।

१. विशेष समितिको गठनः (१) यस समितिको नाम संसदीय छानविन विशेष समिति रहेको छ ।

(२) समितिमा देहायका बमोजिमका मा० सदस्यहरु रहने छन् ।

१) मा० श्री खगराज अधिकारी
२) मा० श्री देवप्रसाद गुरुङ्ग
३) मा० श्री पुष्पा भुसाल (गौतम)
४) मा० श्री प्रदिप कुमार ज्ञवाली
५) मा० श्री भानुभक्त ढकाल
६) मा० श्री बिमला बि.क.
७) मा० श्री लक्ष्मण लाल कर्ण
८) मा० श्री शक्ति बहादुर बस्नेत
९) मा० श्री सरला कुमारी यादव
१०) मा० श्री सिताराम महतो
११) मा० श्री सुरेन्द्र प्रसाद यादव

२. समितिको कार्यक्षेत्रः आर्थिक वर्ष २०७९/०८० को आर्थिक विधेयक, २०७९ मा करका दरहरु हेरफेर गर्ने सम्बन्धमा अनधिकृत व्यक्ति प्रवेश गरेको विषय सार्वजनिक सञ्चारका माध्यमहरुमा प्रकाशन भएको र सो विषयलाई लिएर मा० सदस्यहरुबाट समेत सदनमा कुरा उठाइएको सम्बन्धमा सत्य तथ्य छानविन गरी सुझाव सहितको प्रतिवेदन तयार गरी सभा समक्ष पेश गर्ने ।

३. समितिको कार्यविधिः

(१) प्रचलित कानूनको अधिनमा रही समिति आफैंले सभापतिको चयन एवं आफ्नो कार्यविधि व्यवस्थित गर्न सक्नेछ ।

(२) समितिले आवश्यक देखेमा सम्बन्धित अन्य व्यक्तिको सहयोग लिन सक्नेछ ।

४. समितिको कार्यावधिः समितिको कार्यावधि कार्य प्रारम्भ गरेको मितिले १० दिनसम्मको लागि हुनेछ ।"

तदुपरान्त सम्माननीय सभामुखले मा० अर्थ मन्त्री जनार्दन शर्मालाई सार्वजनिक महत्वको विषयमा बोल्नको लागि समय दिनुभएपछि ने.क.पा. (एमाले)का मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि मा० श्री योगेश कुमार भट्टराईलाई सयम दिनुहुँदा उहाँले बजेट निर्माणका क्रममा करका दररेटहरु परिवर्तन गराउन अनधिकृत व्यक्तिको प्रवेश गराएको विषयमा संसदीय छानविन समिति गठन भएकोमा सम्माननीय सभामुखलाई धन्यवाद दिनुहुँदै अर्थ मन्त्रीले राजीनामा दिनुपर्ने ने.क.पा.(एमाले)को माग यथावत रहेको र अर्थ मन्त्रीको हैसियतबाट कुनैपनि प्रकारको स्पष्टिकरण सुन्न प्रमुख प्रतिपक्षी दल तयार नभएको भन्नुभएपछि ने.क.पा. (एमाले)का सदनमा उपस्थित मा० सदस्यहरु बैठक कक्षबाट बाहिरिनुभयो ।

तत्पश्चात मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले बजेट निर्माणमा अनधिकृत व्यक्ति प्रवेश गराएको भन्ने कुरा सत्य नभएको, आफु कुनैपनि छानविनको लागि तयार रहेको, आफुले देश र जनताको हितमा सदैव कार्य गरेको र सदनबाट गठन भएको संसदीय छानविन समितिलाई हरप्रकारले सहयोग गर्ने भन्नुहुँदै मार्गप्रशस्त गर्न अर्थ मन्त्रीको पदबाट राजीनामा समेत दिएको घोषणा गर्नुभयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्रप्रसाद बडूले "राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग तेस्रो वार्षिक प्रतिवेदन, २०७८" पेश गर्नुभयो ।

तदुपरान्त मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री मोहम्मद इश्तियाक राईले राष्ट्रिय सभामा उत्पत्ति भएको "रेल्वे विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात "रेल्वे विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० डा० भीम बहादुर रावल
३. मा० श्री सरिता कुमारी गिरी
४. मा० श्री प्रेम सुवाल

त्यसपछि मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री मोहम्मद इश्तियाक राईले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "रेल्वे विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री भवानी प्रसाद खापुङ्गले राष्ट्रिय सभामा उत्पत्ति भएको "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री खगराज अधिकारी
२. मा० श्री गिरिराजमणि पोखरेल
३. मा० श्री अञ्जना विसंखे
४. मा० श्री घनश्याम खतिवडा
५. मा० श्री मन कुमारी जि.सी.
६. मा० श्री प्रेम सुवाल
७. मा० श्री दिव्यमणि राजभण्डारी

तदुपरान्त मा० स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री भवानी प्रसाद खापुङ्गले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री प्रेम सुवालले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले ३ मिनेट घण्टी बजाई गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित मा० सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा मा० सदस्यहरुको संख्या ६३ रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या नपुगेको जानकारी गराउनु हुँदै बैठक पन्ध्र मिनेटको लागि स्थगित गर्नुभयो ।

तदनन्तर बैठक पन्ध्र मिनेट पछि बस्नेगरी दिनको ५:३० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजै पन्ध्र मिनेटको लागि स्थगित भएको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको ५:५५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री प्रेम सुवालले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले ३ मिनेट घण्टी बजाई गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित मा० सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा मा० सदस्यहरुको संख्या ७६ रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या पुगेको जानकारी गराउनु हुँदै बैठकको कार्यक्रम अगाडि बढ्ने जानकारी गराउँदै "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री भवानी प्रसाद खापुङ्गले राष्ट्रिय सभामा उत्पत्ति भएको "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री गिरिराजमणि पोखरेल
२. मा० श्री खगराज अधिकारी
३. मा० श्री नवराज सिलवाल
४. मा० श्री प्रेम सुवाल
५. मा० श्री अञ्जना विसंखे
६. मा० श्री दिव्यमणि राजभण्डारी

त्यसपछि मा० स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री भवानी प्रसाद खापुङ्गले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० गृह मन्त्री श्री बालकृष्ण खांणले "कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदन सहितको तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदन सहित "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९" माथिको छलफलमा मा० श्री दिव्यमणि राजभण्डारी र मा० श्री प्रेम सुवालले भाग लिनुभयो ।

तदुपरान्त मा० गृह मन्त्री श्री बालकृष्ण खांणले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९" का सम्बन्धमा कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ४ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९" का सम्बन्धमा कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ४ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ३७ सम्म "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० गृह मन्त्री श्री बालकृष्ण खांणले "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

तदुपरान्त मा० गृह मन्त्री श्री बालकृष्ण खांणले "राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहितको सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहित "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९" माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री मन कुमारी जि.सी.
२. मा० श्री दिव्यमणि राजभण्डारी
३. मा० श्री प्रेम सुवाल

त्यसपछि मा० गृह मन्त्री श्री बालकृष्ण खांणले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९" का सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ४ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री झपट बहादुर रावलले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले ३ मिनेट घण्टी बजाई गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित मा० सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा मा० सदस्यहरुको संख्या ६७ रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या नपुगेको जानकारी गराउनु हुँदै कार्यसूचीको बाँकी कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल असार २३ गते बिहीबार दिनको २:०० बजे बस्नेगरी आजको बैठक साँझ ७:२५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव